गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
अत्तरिया , कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या : २०८३/०८४

गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
अत्तरिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

मितिः २०८३/०६/२२

विषय : कृषक समूह गठन सम्बन्धी अत्यन्त जरुरी सूचना ।

यस गोदावरी नगर पालिका भित्र छरिएर रहेका कृषकहरूलाई संगठित गर्दै आधुनिक कृषि प्रणाली, व्यावसायिक खेती, तथा सरकारी अनुदान एवं प्राविधिक सहयोगलाई व्यवस्थित रूपमा परिचालन गर्ने उद्देश्यले नयाँ कृषक समूह गठन/ समुह नविकरण र दर्ता भएका कृषक समुहहरुको तथ्याङ्क अध्यावधिक गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ। तसर्थ, यस क्षेत्रका इच्छुक कृषकहरूले तपसिलका प्रक्रिया तथा मापदण्ड पूरा गरी आफ्नो समूह दर्ता प्रक्रिया अगाडि बढाउनु हुन अनुरोध गरिन्छ । साथै सूचना प्रकाशित भएको मितिले कार्तिक मसान्त भित्र कृषक समुह गठन/ समुह नविकरण र दर्ता भएका कृषक समुहको तथ्याङ्क अध्यावधिक गरी सक्नु पर्ने छ। अन्यथा समुहको मान्यता स्वतह खारेज भएको मानिने छ ।

2083.06.22
हरीश पन्त
प्रमुख प्रशासकिय अधिकृत
वि. प्रमुख प्रशासकीय अधिकृत

तपसिल (समुह गठनका सर्त तथा आवश्यक कागजातहरू):

1. कृषि विकास शाखामा दर्ता भएका/नविकरण गर्ने म्याद ननागेका कृषक समुहको हकमा प्रमाण पत्रको प्रतिलिपि, अध्यक्ष, सचिव र कोषाध्यक्षको १/१ प्रति फोटो र समुह विवरण फारम भरी बुझाउनु पर्ने छ ।
2. **सदस्य संख्याः** समूहमा कम्तीमा १५ देखी २५ जना आबद्ध भएको हुनुपर्ने छ ।
3. **समावेशिताः** कार्यसमिति गठन गर्दा कम्तीमा ३५% महिला प्रतिनिधित्व अनिवार्य हुनुपर्ने छ।
4. समूह गठन गर्ने सम्बन्धी प्रारम्भिक भेलाको निर्णय (माइन्युट) को प्रतिलिपि।
5. समूहमा आबद्ध सबै सदस्यहरूको नागरिकताको फोटोकपी , अध्यक्ष , सचिव र कोषाध्यक्षको १/१ प्रति फोटो।
6. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
7. समूहको प्रस्तावित विधान (२ प्रति) ।
8. **सम्पर्कः** आवश्यक फारम तथा विधानको नमुनाका लागि यस कार्यालयको कृषि विकास शाखामा सम्पर्क राख्न सकिनेछ।
9. थप जानकारीका लागि सम्पर्कः फोन नम्बर **[९८६५७६३६०७ /९८४८४२५००४]**

फोन नं.. ०९१-५०८०००/८००१/८००२/८००३
ई-मेल : info@godawarimunkailali.gov.np वेभसाईट : www.godawarimunkailali.gov.np
"आत्मनिर्भर सुन्दर समृद्ध गोदावरी"

समुह दर्ता /नविकरणका लागि निवेदन

श्री .....

.....

श्री ..... शाखा/ईकाई/संस्था को सहयोगमा हामि आफै संगठित भई कृषिलाई व्यवसायीक एवं आधुनिक पेशाको रुपमा अँगाल्ने अभिप्रायले ..... .न.पा./गा.पा.वडा न.....मा गठन भएको हाम्रो समुह दर्ता/नविकरण गरि पाउँ भनि तपशिल अनुसारको विवरण सहित यो निवेदन पेश गरेका छौ ।

निवेदक

नाम :

पद :

समुहको नाम :

सम्पर्क नं :

समुहको छाप :

समुहको विवरण

कृषक समुहको नाम..... स्थापना वर्ष:.....

न.पा./गा.पा.को नाम :..... वडा न..... टोल:.....

समुहको उदेश्य:.....

सदस्य संख्या : पुरुष.....महिला.....जम्मा.....

मसिक वैठक वस्ने दिन : प्रत्येक महिनाको ..... गते .....वजे

समूह हितकोष रकम : प्रति महिना प्रति सदस्य रु .....का दरले जम्मा रु .....। हाल सम्मको हितकोष रकम जम्मा रु ..... ऋण लगानी रकम रु ..... वचत रकम..... .....

समूहका पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी ..... थान

नोट : समुह दर्ता गर्दा नागरिकको प्रतिलिपि आवश्यक पर्छ र नबिकरण गर्दा आवश्यक पदैन

समुह विवरण फारम

समहुको नाम :.....

ठेगाना : ..... समुह दर्ता मिति : .....
दर्ता न..... समुह सदस्य संख्या ..... महिला ..... पुरुष .....

समुहको हितकोष रकम :..... मासिक वचत रकम:..... मासिक वैठक मिति: .....

समुह विवरण

क.स.	समुह सदस्यको नाम थर	पद	शैक्षिक योग्यता	जग्गाको क्षेत्रफल	खेति गरिने वाली	सम्पर्क न.	दस्तखत
१							
२							
३							
४							
५							
६							
७							
८							
९							
१०							
११							
१२							
१३							
१४							

१५							
१६							
१७							
१८							
१९							
२०							
२१							
२२							
२३							
२४							
२५							
२६							
२७							
२८							
२९							
३०							
	जम्मा						

.....कृषक समुहको बार्षिक कार्ययोजना

आ.व. .....

समुहको नाम : ठेगाना :

अध्यक्षको नाम : फोन नं. .

हितकोष परिचालन गरेका कियाकलापहरु

क.स.	कियाकलाप	खर्च रकम रु	कैफियत

समुहले संचालन गरेका मुख्य मुख्य कियाकलापहरु :

क) उत्पादन कियाकलापहरु

१)
२)
३)
४)
५)

ख) प्रशोधन/उद्यमशिलता सम्वन्धी कियाकलापहरु

१)
२)
३)
४)
५)

ग) अन्य

समुह दर्ता प्रक्रिया

आाज मिति .....गतेका दिन .....नगरपालीका वडा नं. .....को ..... टोलको समाजसेवी,वुद्धिजिवि श्री .....को अध्यक्षतामा आम भेला गरी समुह गठन गर्न निम्न विषय माथी छलफल गरियो ।

उपस्थिति

१

२

३

.

.

.

.

.

.

३६

३७

३८

३९

४०

प्रस्ताव

१.समुह गठन सम्वन्धमा ।

२.समुको नामकरण सम्वन्धमा ।

निर्णय

निर्णय नं. १ प्रस्ताव नं. १ माथी छलफल गर्दा ..... नगरपालीका वडा नं. .....को ..... टोलमा तपशिलका पदाधिकारीहरु रहने गरी जम्मा ..... सदस्यको कृषक समुह गठन गर्ने निर्णय सर्व सहमती वाट पारित गरियो ।

तपशिल

१.अध्यक्ष श्री .....

२. उपाध्यष श्री.....

३. सचिव श्री .....

४. कोषध्यष श्री .....

५. सदस्य श्री .....

६.

७.

.

.

.२३

२४

२५

देखि समुहमा जति जनाको गठन गर्ने सवैको नाम

निर्णय नं. २ प्रस्ताव नं. २ माथी छलफल गर्दा ..... नगरपालीका वडा नं. .....को ..... टोलमा गठित कृषक समुहको नाम श्री ..... कृषक समुह राख्ने निर्णय सर्वसहमति वाट पारित गरियो ।

आाज मिति .....गतेका दिन पुनर्वास नगरपालीका वडा नं. .....मा गठित श्री ..... कृषक समुहको अध्यक्ष श्री ..... ज्यू को अध्यक्षतामा वैठक वसी तपशिलको विषय माथी छलफल गरीयो ।

उपस्थिति

१
२
३
.
.
.
.

२४
२५

प्रस्ताब :

१.समुह दर्ता सम्वन्धमा ।

२.समुहको हितकोष सम्वन्धमा ।

३. समुहको मासिक वैठक सम्वन्धमा ।

४. समुहको खाता संचालन सम्वन्धमा ।

निर्णय नं. १ प्रस्ताव नं. १ माथी छलफल गर्दा .....नगरपालीका वडा नं. .....को ..... टोलमा गठित श्री ..... कृषक समुह लाइ वैधानीक रुप दिनकालागी पुनर्वास नगरपालिका कंचनपुरको कृषि विकास शाखामा दर्ता गर्ने निर्णय सर्वसहमति वाट पारित गरियो ।

निर्णय नं. २ प्रस्ताव नं. २ माथी छलफल गर्दा ..... नगरपालीका वडा नं. .....को ..... टोलमा गठित श्री ..... कृषक समुहको काम छिटोछरिटो गर्न , संघ संस्था , सरकारी कार्यालयमा कुनै योजना पेश गर्न जादा लाग्ने खर्च रकम समुह वाट व्यहोर्न मासिक वैठक वसेको दिन प्रत्येक सदस्यले हितकोष रकम रु ..... जम्मा गर्ने निर्णय सर्वसहमति वाट पारित गरियो ।

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथी छलफल गर्दा .....नगरपालीका वडा नं. .....को ..... टोलमा गठित श्री ..... कृषक समुहको मासिक वैठक प्रत्यक महिनाको.....गते .....वजे वस्ने निर्णय सर्वसहमति वाट पारित गरियो ।

निणर्य नं.. ४ प्रस्ताव नं. ४ माथी छलफल गर्दा .....नगरपालीका वडा नं. .....को ..... टोलमा गठित श्री ..... कृषक समुहको खाता संचालन यसै समुहको अध्यक्ष ....., सचिव ..... , कोषध्यक्ष ..... र सदस्य ..... को संयूक्त दस्तखत रहने गरी श्री .....वैंक..... खाता संचालन गर्ने निर्णय सर्वसहमति वाट पारित गरियो ।

नोट :

१. समुह सदस्य संख्या कम्तिमा १५ जना र बढीमा २५ जना सम्म ।

२. समुहको बिधान २ प्रति समुहले प्रमाणित गरेको (बिधानको प्रत्येक पानामा तल र माथी समुहका सम्पुर्ण सदस्यको दस्तखत भएको) हुनुपर्नेछ ।

३. वडा कार्यालयको सिफारिस पत्र ।

४. समुहको सम्पुर्ण पदाधिकारीको नागरीताको प्रमाण पत्रको प्रतिलिपि ।

कृषक समुहको विधान

परिचय

नेपाल जस्तो विकासोन्मुख मुलुक का लागि समुको अवधारण अत्यन्त महत्वपुर्ण छ । त्यसमा पनि कृषि विकास को सन्दर्भमा समुहले अर्झ अहम भुमिका खेल्दछ । कृषकै कृषकले भरिएको हाम्रो जस्तो देशमा सिमित जनशक्ती र स्रोत साधन वाट कृषक वर्ग विच यथोचित सेवा पुर्याउन कठिन र वढि खर्चिलो पनि हुने हुदा कृषक समुह सेवा प्रवाह गर्ने उपयुक्त माध्याम हुन सक्छ । यस सन्दर्भमा समुह गठन देखि लिएर सञ्चालन र परिपक्क अवस्था नपुगे सम्म अत्यन्त सावधानि लिनुपर्ने हुनछ । अलिकति समय वढिनै लगाएर समुहले मुर्त रुप पाउनु पर्दछ । स्वतः स्फुर्त समुह मात्र दिगो र स्वावलम्वी हुन्छन । समुह गठन भएपछि समुह भित्र योजना तर्जुमा कार्यान्वयन ,अनुगमन मुल्याङ्कनको सार्थै वैठक सञ्चालन जस्ता कार्यहरु सहि अर्थमा सञ्चालन गर्नुपर्छ । समुह भित्रको पारदर्शिता ,प्रजात्रान्त्रिक अभ्यास र इमान्दारिता वाट समुह दक्ष र सुढृढ वन्ने कुरा निश्चित छ ।

प्रस्तावना

कृषि जन्य वस्तुको उत्पादन, उत्पादकत्व वढाउन, उत्पादन सामाग्रि शुलभ वनाउन , उत्पादित सामाग्रिको विक्री वितरण भण्डारण व्यवस्थापन गरि उन्नत वीउ एवम आय वृद्रि वचत संकलन वाट आत्म निर्भर हुनको लागि कृषि शाखा ..... नगर कार्यपालिकाको सहयोगमा श्री ..... कृषक समुह गठन गर्यौं ।

१. प्रारम्भिक :

१.१ संक्षिप्त नाम र प्रारम्भ :

क) यस समुहको नाम श्री ..... कृषक समुह ..... रहने छ।

ख) यो विधान समुह सम्विन्धित स्थानिय तहको कृषि शाखामा दर्ता भएपछि तुरुन्त लागु हुनेछ ।

१.२ परिभाषा :

विषय र प्रशंगको अर्को अर्थ नलागेमा यो विधानमा

क) समुह भन्नाले यस विधानमा उल्लेखित कृषि कार्य द्रारा कृषि उपजको उत्पादन उत्पादकत्व वढाई आयआर्जन गर्न इच्छुक कृषकहरुको समुहलाई जनाउने छ ।

ख) सदस्य भन्नाले कृषक जो ..... कृषक समुहको उदेश्य अनुसार उत्पादन र उत्पादकत्व वढाउन विधानको दफा ३ वमोजिम सदस्यता लिईएको हुन्छ ।

ग) कार्य समिति भन्नाले विधान अनुसार निर्वाचित अध्यक्ष ,उपाध्यक्ष,सचिव ,सहसचिव ,कोषाध्यक्ष तथा सदस्य पदाधिकारिहरुलाई जनाउने छ ।

घ) साधारण सभा भन्नाले यस विधानको दफा ४ वमोजिम गठित सभालाई जनाउने छ ।

१.३ समुहको छापः

गोलो भित्र यस समुहको नाम ..... कृषक समुह ..... पढ्न सकिने छ ।

१.४ समुहको कार्यालय :

यस समुहको कार्यालय ..... जिल्ला ..... न.पा ..... वडा न.को ..... टोलमा रहने छ ।

१.५ समुहको दर्ताः

कृषक समुह सम्वन्धित स्थानिय तहको कृषि शाखामा दर्ता गर्नुपर्ने छ साथै अनिवार्य रुपमा आन्तरिक राजश्व कार्यालयमा दर्ता गरि स्थायि लेखा न. (PAN) लिनुपर्ने छ ।

२. उदेश्य र कार्य

२.१ उदेश्य :

सदस्यहरुको सामाजिक , आर्थिक कृषि जन्य व्यवसायिक हितलाई ध्यान राखि देहायमा उल्लेखित समुहको उदेश्य हुनेछ ।

क) कृषि व्यवसायलाई आधुनिकिकरण एवम विविधिकरण गरि उत्पादकत्व ,उत्पादन वृद्रिका लागि एकजुट भई काम गर्ने ।

ख) सदस्यहरुको आर्थिक तथा सामाजिक जिवन स्तर उठाउने ।

ग) सदस्यहरुमा स्वालम्वनको ज्ञान , पारस्पारिक सहयोग र मितव्ययिताको भावनासिल गर्ने ।

समुहका विधानको दफा २.१ वमोजिम उदेश्यहरु प्रप्त गर्न यो समुहले देहाय वमोजिमका कार्यहरु गर्ने छ ।

१.....

२.....

३.....

ख) विधानको उदेश्य विपरित कार्य गरेमा वा समुहको रकम वा कागजात हिनामिना गरेमा वा अन्य कुनै कारणले कार्य समिति वाट निस्काशन गरेमा ।

ग) सदस्य वाट राजिनामा दिएमा (सदस्य रहन नचाहेमा लिखित निवेदन कार्य समितिले सदर सिफारिस गरेमा)

घ) अपराधिक कार्यमा संलग्न भएको दोष प्रमाणित भएमा ।

ङ.) कृषि पेशा त्यागि अन्य कार्यम ागर्न थालेमा ।

च) मृत्यु भएमा ।

छ) समुहको सिदान्त वा नियम वा प्रतिष्ठामा आच आउने कुरा गरेमा ।

४. साधारण सभा तथा कार्य समिति

४.१ साधारण सभा

यस समुहको सदस्यता प्राप्त सम्पुर्ण सदस्य साधारण सभाको सदस्य हुनेछ । जुन समुहको उच्चतम निकाय हुनेछ । यसले विधान पारित एवम संशोधन गर्न सक्ने छ । साधारण सभा वर्षमा एक पटक वस्नेछ । तर आवश्यकता अनुसार जुनसुकै वेला साधारण सभा वोलाउन सकिनेछ ।

४.२ साधारण सभाको अधिवेशन :

कार्य समितिले तोकेको मिति र समयमा यस समुहको सचिवले अध्यक्षको परामर्श लिई लिखित सुचनाद्वारा सम्पुर्ण सदस्यलाई साधारण सभाको स्थान,समय,मिति तथा एजेण्डाको जानकारी गराउनु पर्नेछ ।

४.३ साधारण सभाको काम कर्तव्य र अधिकार :

क) कार्य समितिको निर्वाचन गर्ने तथा गठन गर्ने ।

ख) विधान संशोधन गर्ने ।

ग) वार्षिक वजेटको अनुमोदन गर्ने ।

घ) समुहको वार्षिक कार्यकम स्वीकृत गर्ने ।

ङ.) समुहको वार्षिक कार्य योजना वनाउने ।

च) समुहले कार्य योजना वनाउदा कम्तिमा ६० प्रतिशत कृषि कार्यकम वनाउने ।

४.४ साधारण सभाको गुणपुरक संख्या:

४.....

५.....

६.....

३. सदस्यता :

एकै उदेश्य एवम् समान आर्थिक अवस्था भएको एवम् यस समुहको विधानको परिधि भित्र रहने इच्छा व्यक्त गरेको व्यक्तिलाई यस समुहको सदस्यता प्रदान गर्न सकिने छ तर सदस्य हुन चाहाने व्यक्तिले कम्तिमा समुहका सदस्यहरुको लिखित सिफारिस साथ अनुसुचि ४ अनुसार दरखास्त दिनुपर्ने छ ।

३.१ सदस्यको लागि योग्यता

क) आफै खेतिपाति गरेको / गर्न सक्षम भएको ।

ख) समुहको उदेश्य अनुरुप कार्यगर्न इच्छुक भएको ।

ग) समुहको विधान अनुसार कार्य गर्न मञ्जुरी भएको ।

घ) कृषक – कृषक विच आपसि सहयोग वढाउन इच्छुक भएको ।

ड.) सदस्यताको लागि १६ वर्ष उमेर पुगेको हुनुपर्ने छ ।

३.२ साधारण सदस्य :

सदस्यता शुल्क रु.....तिरि साधारण सदस्यताको निवेदन दिई कार्य समिति निर्णय वमोजिम साधारण सदस्यता प्राप्त गर्न सकिने छ । यस्तो सदस्यले मासिक वचत रु. ..... प्रत्येक महिना जम्मा गर्नु पर्नेछ ।

समुह गठन भईसकेपछि कुनै पनि योग्यता पुगेको व्यक्तिले समुहले सदस्यता लिन चाहेमा समुहमा समुहमा आवद् प्रति सदस्य वरावर उक्त मिति सम्म संचित हितकोष र सोको व्याज साथै नियमानुसारका अन्य शुल्क वुझाई सदस्यता प्राप्त गर्न सक्नेछ ।

३.३ सदस्यता कायम नरहने अवस्था (सदस्यको अयोग्यता)

कार्य समितिले निम्न अवस्थामा सदस्यहरुलाई सदस्यताका लागि अयोग्य ठहर्याई सदस्यता समाप्त गर्न सक्नेछ ।

क) तोकिएको मासिक वचत तथा अन्य तिर्नुपर्ने रकमहरु ३ महिना सम्म नतिरेमा ।

समुहको साधारण सभाको वैठकमा कम्तिमा पनि ५१ प्रतिशत सदस्यहरुको उपस्थितिमा हुनु पर्नेछ। यसमा कुल साधारण सदस्यको २५ प्रतिशत उपस्थिति भएमा पनि यो सभाको वैठक वस्नेछ।

४.५ कार्य समिति गठन विधिः

क) कार्य समिति ..... सदस्यिय हुनेछ।

ख) कार्य समितिमा अध्यक्ष, सचिव, कोषेध्यक्ष तथा सदस्यहरु हुने छन। आवश्यकता अनुसार उपाध्यक्ष तथा सह–सचिवको पनि व्यवस्था गर्न सकिने छ।

ग) कार्य समितिका पदाधिकारीहरुको वैठक हरेक महिनाको ..... गते/दिन हुनेछ। तर आवश्यकता भए जुनसुकै समयमा पनि वस्न सक्ने छ।

घ) कार्य समितिको पदाधिकारीहरुको कार्य अवधि २ वर्षको हुनेछ।

ङ) कार्य समितिको कुनै पद खाली भएमा साधरण सदस्य मध्येवाट कसैलाई पनि कार्य समितिको पदमा समितिको वहुमतवाट मनोनित गर्न सक्नेछ।

च) कार्य समितिको कोरम २/३ मानिनेछ , तथा निर्णय वहुमतद्धरा हुनेछ।

छ) साधारण सभाका सदस्यहरुले अफु मध्यवाट निर्वाचन प्रकृयाद्धरा अध्यक्ष ,कोषाध्यक्ष तथा अन्य पदाधिकारीहरुको चयन गरी कार्य समिति गठन गर्नेछ। तर अध्यक्ष, सचिव , कोषाध्यक्ष मध्य एक पद महिला सदस्य अनिवार्य रुपमा हुनुपर्दछ।

ज) .....

झ) .....

४.६ कार्य समितिको काम ,कर्तव्य र अधिकार :

क) विधानको परिधि भित्र रही समुहको उदेश्य अनुरुप सभाले गरेको निति निर्देशसनलाई पालन गर्ने।

ख) समुहको वार्षिक कार्यक्रम वनाउने तथा समुहको क्रियाकलापहरु सञ्चलन गर्ने।

ग) सरकारी तथा गैर सरकारी संस्थाहरुसगं सम्पर्क वृद्धि गर्ने कृषि सम्वन्धि अन्य सघं संस्थाहरुसंग सम्पर्क गरि वढि भन्दा वढि सहयोग प्रप्त गर्ने।

घ) सहकारीमा जाने प्रयास गर्ने।

ङ) समुहको कार्ययोजना वनाई लागु गर्ने।

च) समुहको वार्षिक प्रतिवेदन वनाउने र प्रस्तुत गर्ने।

छ) .....

४.७ समुहको बैठक :

समुहको नियमित बैठक प्रत्येक महिनाको ..... गते वस्ने छ । समुह बैठकहरु कार्य समितिले निधो गरेको ठाउँ मिति र समयमा नियमित रुपमा वस्ने छ । पुर्व निर्धारित बैठकमा कुनै सदस्यले भाग लिन नसक्ने भएमा सो को जानकारी कारण सहित पहिले नै दिनु पर्छ । विशेष परिस्थीति वाहेक लगातार तीन बैठकहरुमा उपस्थित नहुने सदस्यलाई समुह समितिको आधारमा निष्कासित गरीनेछ ।

५. पदाधिकारीको काम , कर्तव्य र अधिकार

५.१ अध्यक्षको काम कर्तव्य अधिकार :

- अवश्यकता अनुसार समुहको बैठक र साधारण सभा वोलाउने ।
- बैठकको अध्यक्षता गर्ने तथा बैठक नियन्त्रण गर्ने ।
- समुहलाई क्रियाशील गराउने र उध्येश्य प्रप्तिका लागी आवश्यक कार्य गर्ने ।
- कुनै बिषयमा मतदान हुदा मत बराबर भएमा निर्णयक मत दिने ।
- विधानमा तोकिए अनुसार साधारण सदस्यले माग गरे अनुरुप विशेष साधारण सभा वोलाउने ।
- समुहले तोकेको काम कारबाही गर्ने ।
- समुह उठेका विवादहरु समाधान गर्ने ।
- समुह र स्थानीय तहको सम्बन्धित निकायहरुसंग सम्पर्क व्यक्तिको रुपमा काम गर्ने ।
- समुहको निर्णय ,कार्यक्रम र कृयाकलाप , भएका कारवाहीहरु एवं समस्याहरुको अभिलेख राख सचिवलाई सहजीकरण गर्ने ।
- वार्षिक कार्य योजनाको कार्यान्वयन एवं समुह परिचालनको नेतृत्व लिने ।
- समुह बैठकमा भएका निर्णय , वार्षिक साधरण समिति निर्णय, वार्षिप्रगति प्रतिवेदन लगायतका कागजातहरु आवश्यकता अनुसार सम्बन्धित निकायमा पेश गर्ने ।
- समुह सदस्यहरुलाई आफ्ना सदस्यहरुको पहिचान र तिनको प्रथमिकता तोक्न सघाउनु र सथै उक्त समस्यहरु समाधान गर्न कार्यकम बनाउन र कार्यन्वयन गर्न लगाउने ।
- सदस्यहरुलाई कृयाशिल गराई समन्वय र सहकार्य गर्ने ।
- समुह सदस्यहरुविच मतभेद व्यवस्थापनका लागि सहजिकरण गर्ने ।

५.२ उपाध्यक्ष काम कर्तव्य

- अध्यक्षको कार्यमा सहयोग गर्ने ।
- अध्यक्षको अनुपस्थितिमा अध्यक्ष गर्ने सबै कार्य गर्ने ।
- कार्य समितिले तोकेको कार्य गर्ने ।

५.३ सचिव काम कर्तव्य अधिकार

- अध्यक्षसंगको परामर्शमा वैठक वोलाउने ।
- वैठकको तयारी गर्ने ।
- समुहको निर्णय पुस्तिका तयार गर्ने ।
- समुहको सम्पुर्ण कागजातहरु सुरक्षित राख्ने ।
- समुह वैठक एवं साधरण सभावाट परित निर्णयको कार्यान्वयनका लागी पहल गर्ने ।
- वाषिक प्रतिवेदन तयार पारी साधारण सभामा पेश गर्ने ।
- समुहको कार्ययोजना निर्माणमा सहयोग गर्ने ।
- कार्य समितिले तोकेको कार्य गर्ने ।

५.४ कोषाध्यक्षको काम कर्तव्य अधिकार

- समुहको हितकोष रकम उठाउने र फरफारक गर्ने ।
- समुह हितकोष व्यवस्थापन गर्ने ।
- समुहको सवै कोषको हिसाव किताव सुरक्षित र दुरुस्त राख्ने ।
- समुहको चल, अचल सम्पुर्ण सम्पत्तिको सुरक्षाको जिम्मेवारी लिने ।
- समुहको वार्षिक वजेट तयार पार्ने र साधारण सभामा वार्षिक प्रतिवेदन पेश गर्ने एवं लेखा परिक्षण गराउने ।
- समुह अध्यक्ष वा सचिवसगं मिलि खाता सञ्चालन गर्ने ।
- कार्य समितिले तोकेको अन्य कार्य गर्ने ।

५.५ कार्य समिति सदस्यहरुको काम कर्तव्य र अधिकार

- आवश्यकता अनुसार समुहका अन्य उपसमिति रहि जिम्मेवारी वहन गर्ने ।
- कार्य समितिले तोकेको अन्य कार्य गर्ने ।

६ आर्थिक व्यवस्था

६.१ आर्थिक स्रोत :

क) यस समुहको सदस्यहरुबाट प्राप्त सदस्यता शुल्क,।

ख) समुहको अन्य क्रियाकलापवाट भएको आम्दानी ।

ग) समुहको सदस्यले बचत गर्ने मासिक रकम ।

घ) समुहबाट ऋण लगानी गर्दा प्रप्त व्याज।

ङ) समुहले अन्य सघं / संस्थावाट पाएको अवसर वाट समुह सदस्यले पाउने निश्चित परिश्रमिकवाट ..... प्रतिशत लेवि ।

च) समुह सदस्यले आफ्नो नामवाट गरेको वचत ।

छ) विलम्व शुल्कवाट ।

झ) .....

६.२ हितकोष

क) श्री ..... कृषक समुहको एक हितकोष हुने छ ।

ख) श्री .....वैंकमा समुहको खाता रहने छ ।

६.३ हितकोष परिचालन

क) हितकोष रकमको कम्तीमा ५० प्रतिशत कृषि कार्यमा सञ्चालन गर्नु पर्ने छ ।

ख) समुह सदस्यलाई आवश्यकता भएमा हितकोषवाट ऋण / सापटी दिन सक्ने छन ।

ग) सदस्यले ऋण माग गर्न अनुसुचि ५ अनुसार निवेदन दिनुपर्ने छ ।

घ) कृषि कार्यको लागी लिइएको ऋणमा ..... प्रतिशत मासिक व्याज लाग्ने छ ।

ङ) अन्य ऋणमा ..... प्रतिशत मासिक व्याज लाग्ने छ ।

च) मासिक व्याज , मासिक वचत रकम एवम ऋणी सदस्यले तोकिए वमोजिम ऋण किस्ता प्रत्येक महिना बुझाउनु पर्नेछ ।

छ) ऋण लिदा ऋण रकमका ..... प्रतिशत सेवा शुल्क वुझाउनुपर्नेछ ।

ज)..... वैंकमा समुह अगुवा / अध्यक्ष वा सचिव र कोषाध्यक्षको सयुंक्त दस्तखतवाट खाता सञ्चालन हुनेछ ।

स्रोत हितकोष परिचालनका उपायहरुलाई मुख्यतया दुई वर्ग (आवश्यक खर्च र आन्तरिक लगानी) मा विभजन गर्न सकिन्छ ।

क) आवश्यक खर्च : आवश्यक खर्च भन्नाले कार्यलय र प्रशासनिक खर्च भन्ने जनाउँदछ ।

- कार्यलय खर्च (कापी , कलम , बिल , भौचर , फाइल , रजिष्टर , खाता , पत्रपत्रिका)
- फर्निचर खर्च
- ढुवानी तथा घर भाडा

- अन्य संस्थासगँ सदस्यता लिँदा तिर्नुपर्ने खर्च र वार्षिक नविकरण खर्च
- लेखा परिक्षण खर्च
- कर्मचारी परिश्रमिक खर्च
- साधारण सभा खर्च
- विविध (समुहको वैठकमा चिया नास्ता आदि

ख) आन्तरिक लगानी : आन्तरिक लगानी भन्नाले समुह भित्रको सदस्य वीचको लगानी भन्ने जनाउछ । जस्तै :

- उत्पादन मुलक कार्य (उत्पादन तथा उत्पादन सामाग्री खरिद विक्री)
- मल , वीउ , वालीसंरक्षण , तराकारी वोट किन्न र प्रयोग गर्न
- आय मुलक कार्य गर्न(काखा , वंगुरपालन आदी) ।
- घरेलु आयमुलक कार्य गर्ने (स्थानीय सीप, रेशम पालन , सिलाई वुनाई , माहुरी पालन , तरकारी खेती , करेसावारी आदी)
- सामाजिक कार्य जस्तै सफाइ अभियान , पहिरो नियन्त्रण , वृक्षा रोपण , कुलो निर्माण , स्वास्थय , वातावरण संरक्षण आदी
- सिप विकास जस्तै प्याकिङ्ग , नर्सरी , तालिम
- वौद्धिक कार्य जस्तै तालिम , प्रवचन , भ्रमण गोष्ठी अदि
- सामाजिक कार्य जस्तै महिला विकास
- पुँजी लगानी , कर्जा प्रवाह , शेयर खरिद आदी ।

६.४ बिलम्ब शुल्क

क) मासिक बचत रकम तोकेको समयमा नतिरेमा पहिलो महिना प्रति दिन रु ..... विलम्व शुल्क लाग्ने छ ।

ख) दोश्रो महिना प्रति दिन रु ..... विलम्व शुल्क लाग्ने छ ।

ग) तेश्रो महिना प्रति दिन रु .....

घ) चौथो महिना वाट सदस्यता खारेज हुनेछ ।

ङ) प्रत्येक महिना वुझाउनु पर्ने ऋण किस्ता र व्याज नवुझएमा प्रति महिना रु.....प्रतिदिन दोश्रो महिना रु ..... प्रति दिन र तेश्रो दिन रु ..... प्रति दिन विलम्व शुल्क लाग्ने छ । चौथो महिना ऋण रकम व्याजहरु ऋणी र जमानी सदस्यहरुवाट असुल उपर गरिने छ ।

च) एक सदस्यको जमानी वसेको सदस्यले अर्कोको पुन : जमानी वस्ने छैना ।

छ) जमानी सदस्यले ऋण पाउने छैन तर ऋणी सदस्यले ऋण तिरी सकेपछि जमानी सदस्यले ऋण पाउन सक्ने छ ।

ज) ऋण लिएको सदस्यले अरु सदस्यको जमानी वस्न पाउन छैन ।

झ) ऋण लिनको लागी ..... सम्म एक सदस्यको जमानी रु..... सम्म दुई सदस्य र रु ..... सम्म तीन सदस्यको जमानी चाहिने छ ।

६.५ लगानीको सुरक्षण :

कुनै पनि व्यक्तिले आफ्नो नाममा जम्म भएको हितकोष अधिकतम ९० प्रतिशत सम्म मात्र ऋण लिन पाउने छ । यदि व्यक्तिको नाममा संकलित हितकोषको ९०% भन्दा वढी ऋण लिनुपर्ने भएमा सोही समुहको अन्य दुई जना सदस्यको सामुहिक जमानीमा ऋण दिन सकिने छ । ऋण लिने व्यक्तिले तिर्नु पर्ने सावां र व्याज रकम नतिरेको /तिर्न नसकेको खण्डमा जमानी वसेको सदस्य मार्फत असुल उपर गरिने छ । यदि जमानी मार्फत पनि असुल उपर हुन नसकेको अवस्थामा नेपाल सरकारको प्रचलित नियमानुसार कारवाही प्रक्रिया अगाडी वढाइने छ । ऋण लगानी एवम असुल उपर गर्न ऋण उप-समितिको स्वीकृति लिनुपर्ने छ । ऋण उप-समितिका सदस्यहरु कसैको पनि जमानी वस्न पाइने छैन ।

६.६ लेखा परिक्षण

प्रत्येक कृषक समुहले रजिष्टर लेखा परिक्षण अनिवार्य रुपमा गराउनु पर्दछ । यसरि गरिएका लेखापरिक्षणहरु वार्षिक साधारण सभाको पुर्ण वहुमत वाट अनुमोदन गर्नु पर्दछ । मुनाफा सम्पुर्ण सदस्यहरुलाई प्रत्येक वर्षको लेखा परिक्षण पछि निजहरुको हिसाव खातामा जम्मा गर्नुपर्दछ ।

७. विविध

७.१ निर्वाचन सम्वन्धि व्यवस्था

यस समुहको कार्य समिति कायम रहेको अवस्थामा सोहि कार्य समितिले सो समिति कायम नरहेको अवस्थामा साधारण सदस्यहरुको वैठकले निर्वाचन अधिकृत नियक्त गर्नेछ । सो निर्वाचन अधिकृतले निर्वाचन अधिकृतमा नियुक्त भएको मितिले एक महिना भित्र निर्वाचन गराई सक्नुपर्नेछ । सो निर्वाचनमा पर्ने खर्च कार्यसमितिले व्यवस्थ ागर्ने छ । यसमा कार्य समितिको पदाधिकारिहरुलाई मतदान वा सहमति द्रारा साधारण सभाको सदस्यहरुले छान्नेछन ।

७.२ पदावधि

क) कार्य समिति सदस्य तथा पदाधिकारीहरुको पदावधि निर्वाचित भएको मिति देखि २ वर्षा हुने छ ।

ख) सो गठित कार्य समितिको पदावधि समाप्त हुन १ महिना अगावै समुहको साधारण सभा बोलाई नयाँ कार्य समितिको चुनाव गराउन अनिवार्य हुने छ ।

ग) कार्य समितिले विधानमा उललेखित आफ्नो कार्यकाल समाप्त हुन १ महिना अगावै निर्वाचन गराउन नसकेको तथा निजको कार्य अवधि समाप्त भएपछि सो कार्य समितिको सदस्यहरुको समितिले आफ्नो समितिको वैठक बोलाई एउटा तदर्थ (प्रवन्ध वा तयारी) समिति खडा गरी सो तदर्थ समितिद्वारा साधारण सभाको वैठक बोलाई नर्या कार्य समितिको गठन गर्ने छ ।

घ) कार्य समितिको पदावधि समाप्त हुनु अगावै कार्यरत कार्य समिति कुनै किसिमवाट भंग हुन गएमा भंग भएको कार्य समितिले आफ्नो जिम्मा रहेको कागजपत्र नगद जिन्सी कार्यभार समेत सम्पूर्ण सदस्यको सभा बोलाई अथवा कार्यालय सचिव भए सो लाई वुझाई सो को भरपाई लिन पर्नेछ । सो नगरेमा यस समूहलाई हानी नोक्सानी भएमा सो कार्य समितिका अध्यक्ष र सचिव दुवैले संयुक्त रुपमा व्यहोर्नु पर्नेछ ।

७.३ उम्मेदवारको अयोग्यता :

क) (व्यक्ति) जो कृषि सेवामा संलग्न छैन ।
ख) (व्यक्ति) जो कृषिको समूहमा छैन ।
ग) (व्यक्ति) जसले समूहको उद्देश्य विपरीत कार्य गर्दछ ।
घ) (व्यक्ति) जसको मानसिक अवस्था सामान्य छैन ।
ङ) फौजदारी अभियोगमा सजाए पाएको व्यक्ति ।

७.४ अविश्वासको प्रस्ताव :

साधारण सभाको सदस्यहरु मध्येवाट एक तिहाई सदस्यहरुले कार्य समिति उपर अविश्वासको प्रस्ताव ल्याई दुई तिहाई सदस्यहरुवाट सो प्रस्ताव पारित भएमा कार्य समिति विघटन हुने छ । तर अविश्वासको प्रस्ताव आएमा सफाईको मौकावाट वञ्चित गरिने छैन ।

७.५ राजीनामा :

यस समूहको अध्यक्षले उपाध्यक्ष (भए) समक्ष वा सचिव समक्ष र अध्यक्ष वाहेक अन्य कार्य समितिका पदाधिकारीहरुले अध्यक्ष समक्ष राजीनामा दिन सक्नेछन । कार्य समितिको वैठकवाट स्वीकृत नभए सम्म तिनीहरु आफ्ना पदमा वहाली रही रहनेछन ।

७.६ विधान संशोधन :

समूहको विधान संशोधन गर्न आवश्यकता पनै आएमा साधारण सभाको सदस्यहरु मध्येका कम्तिमा ५१ प्रतिशत सदस्यको उपस्थितिमा विधान मस्यौदा पेश गरिने छ । सदस्यहरु मध्येका उपस्थिति सदस्यहरु मध्येका दुई तिहाई बहुमतबाट विधान संशोधन मस्यौदा पारित भएमा विधान संशोधन गरिने छ । साथै संशोधित विधान स्थानीय निकायको कृषि हेर्ने इकाई/शाखाबाट अनुमोदित नभएसम्म संशोधन भएको मानिनेछैन ।

७.७ नियम बनाउने :

साधारण सभाको आन्तरिक सञ्चालन नियमहरु बनाउन सक्नेछ ।

७.८ उप-समितिहरु गठन गर्न सक्नेछ :

साधारण सभाले एवं कार्य समितिले साधारण सभाको स्वीकृत लिई आफ्ना कार्यक्रमहरु सञ्चालन गरी समूहको लक्ष्य र उद्देश्य प्राप्त गर्न उपसमितिहरु बनाउन सक्नेछ ।

७.९ विघटन :

समूहको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकि वा उद्देश्य प्राप्त गर्न असफल भए वा २ वर्षसम्म समूह नविकरण नभएमा समूह विघटन हुनेछ ।यसरी समूह विघन भए बचत रकम सम्पूर्ण सदस्यलाई फिर्ता गर्नुपर्ने छ ।

७.१० समूह छोड्नुपर्ने हवस्था/सदस्यको मृत्यु/सदस्यले पाएको अवसर :

कुनै पनि सदस्यले समूह छोड्न चाहेको खण्डमा निजको नाममा संकलन भएको हितकोष रकमबाट ३% कट्टा गरी बाँकी रकम भुक्तानी दिईनेछ । यदि कुनै सदस्यको मृत्यु भएमा पनजले बचत गरेको सम्पूर्ण रकम निजको सबभन्दा नजिकको आफन्तलाई समूहले दिने व्याज सहित फिर्ता दिइनेछ । समूहले कुनै पनि संघ/संस्था/कार्यालयबाट पाएको कुनै पनि अवसर सामग्रीहरु आवश्यकता हेरी समूहको बैठकबाट निर्णय गराई पालोपालो गरी सबै सदस्यले पाउने गरी वितरण गरिनेछ ।

७.११ समूहको चल अचल सम्पत्ति :

समूह विघटन भए पश्चात समूहको चल अचल सम्पत्रि स्थानीय निकायको आर्थिक विकास शाखा/कृषि शाखा/कृषि हेर्ने इकाई/शाखाको निर्णय बमोजिम हुनेछ । उक्त निर्णय चित्त नबुझेको खण्डमा सम्बन्धित स्थानीय तहको उप-मेयर/उपाध्यक्ष समक्ष निवेदन गर्न सकिनेछ र सो सन्दर्भमा उप-मेयर/उपाध्यक्षको निर्णय नै अन्तिम हुनेछ ।

८ समुहको छाप र लोगो :

श्री ..... .कृषक समुहको छाप ....हुनेछ ।